INNOVATIVE RESEARCH JOURNAL Vol.:1, Issue: 1, 2022

# बालसाहित्यको सैद्धान्तिक पर्यावलोकन

**डा. केशव भुसाल**
*नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग*
*त्रि. वि. कीर्तिपुर*
*keshabbhusal.tu@gmail.com*

## लेखसार

*प्रस्तुत लेख बालसाहित्यको अध्ययनमा आधारित रहेको छ । यस लेखमा बालसाहित्यको सैद्धान्तिक पर्यावलोकन गरिएको छ । बालसाहित्यको परिचय दिनु, बालसाहित्यको परम्परा पहिल्याउनु, बालसाहित्यका प्रकार प्रस्तुत गर्नु र बालसाहित्यका तत्वबारे चर्चा गर्नु प्रस्तुत अध्ययनका मूलभूत उद्देश्य रहेका छन् । यो अध्ययन मूलतः गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यस अध्ययनमा वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको अनुप्रयोग गरिएको छ । यसमा आवश्यक सामग्रीहरुको सङ्कलन पुस्तकालयीय अध्ययनकाका माध्यमबाट गरिएको छ । प्रस्तुत अध्ययनमा द्वितीयक स्रोतका सामग्रीहरुको प्रयोग गरिएको छ । यस क्रममा मुख्यतः नेपाली र अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको उपयोग गरिएको छ । यस अध्ययनबाट बालसाहित्य बालबालिकाका लागि लेखिएको साहित्यका रूपमा रहेको, यो प्रौढ साहित्यभन्दा भिन्न एवम् पृथक रहेको, यसको परम्परा पूर्वीय र पाश्चात्य रूपमा भिन्न भिन्न रहेको भए पनि सुदीर्घ रहेको, यसअन्तर्गत बाल कविता, बाल कथा, बाल जीवनी, बाल एकाङ्की, बाल उपन्यास, अनूदित बालसाहित्य जस्ता अनेकन भेद रहेका, यसमा विषयवस्तु, परिवेश, भाषाशैली, उद्देश्य साझा तत्वा अवयवका रूपमा रहेका लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययन बालसाहित्यका बारेमा सैद्धान्तिक जानकारी लिन चाहने जोकोहीका लागि पनि उपयोगी हुने विश्वास लिइएको छ ।*

**मुख्य शब्दावली** : *साहित्य, बालसाहित्य, बालसाहित्यिक परम्परा, बालसाहित्यका प्रकार, बालसाहित्यका तत्व ।*

प्राप्त मिति : ३, अक्टोबर, २०२२, स्वीकृत मिति : ११, नभेम्बर, २०२२, प्रकाशित मिति : १२, डिसेम्बर, २०२२

## अध्ययनको पृष्ठभूमि

साहित्य मानव मनमा निहित भाव वा विचारलाई कलात्मक तरिकाले पस्कने कला हो । “साहित्य विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक, भावनात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै रचना हो” (प्र.ने.श. २०६३) । यसलाई कुनै भाषामा लेखिएका कृति, अभिलेख वा वाङ्मयका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । बालसाहित्य ‘बाल’ र ‘साहित्य’ शब्दको संयोजनबाट निर्मित शब्द हो । जसमध्ये ‘बाल’ को अर्थ बालबालिका र ‘साहित्य’ को अर्थ सिर्जनात्मक लेखन भन्ने हुन्छ । यस दृष्टिले बालबालिकाका लागि लेखिएको सिर्जनात्मक लेखनलाई बालसाहित्य भनिन्छ । क्राप्ट (२००२) का अनुसार बालसाहित्य भन्नेवित्तिकै लेखन मात्रै नभएर प्रस्तुति, चित्राङ्कन एवम् प्रकाशनको प्रभावकारिता पनि पर्दछ । पराजुली (२०६८) का अनुसार बालबालिकालाई हँसाउँदै, रमाउँदै, खेलाउँदै अप्रत्यक्ष रूपमा नैतिकताको पाठ पढाउने साहित्यलाई बालसाहित्यका भन्न सकिन्छ ।

बालसाहित्यअन्तर्गत बालबालिकाका लागि लेखिएका बालकथा, बालकविता, बालउपन्यास, बालोपयोगी जीवनी आदि पर्दछन् । बालसाहित्य प्रौढ साहित्यका तुलनामा भिन्न हुन्छ । यसको प्रकृति, प्रयोजन, रचना शैली, आयाम, विषयवस्तु आदिले यसलाई अन्य साहित्यभन्दा पृथक तुल्याउँछ । बालसाहित्यको रचना बालबालिकाको रुचि, स्तर, उमेर वा मनोविज्ञानलाई ख्याल गरी गरिएको हुनुपर्छ । नेपालका सन्दर्भमा प्रौढ साहित्यका बारेमा अधिक चर्चा परिचर्चा गरिएको पाइने भए पनि बालसाहित्यका बारेमा कमै चर्चा गरिएको पाइन्छ । समकालीन सन्दर्भमा बालसाहित्यिक रचनाहरू यथेष्ट मात्रामा उपलब्ध पनि रहेका छन् तर ती बालसाहित्यि गुण वा अभिलक्षणले युक्त छन्

वा छैनन् भन्ने बारेमा गहन अध्ययन गरिएको पाइँदैन । यही वस्तुतलाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनमा बालसाहित्यको परियच, बालसाहित्यका प्रवृत्ति, बालसाहित्यका प्रकार, बालसाहित्यका तत्वलगायतबारे गरिएको छ ।

## समस्याकथन

प्रस्तुत अध्ययनको मुख्य समस्या बालसाहित्य रहेको छ । यसका अन्य समस्याका रूपमा बालसाहित्यको परिचय, प्रवृत्ति, प्रकार र तत्व रहेका छन् ।

## उद्देश्यकथन

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य बालसाहित्यको सैद्धान्तिक पर्यावलोकन गर्नु रहेको छ । यसका अन्य उद्देश्यहरूमा बालसाहित्यको परिचय, प्रवृत्ति, प्रकार र तत्व निरूपण गर्नु रहेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यसमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । यस क्रममा बालसाहित्यका बारेमा चर्चा गरिएका नेपाली र अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूलाई द्वितीयक स्रोतका रुपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा प्राप्त तथ्यहरुलाई विभिन्न उपशीर्षकहरुमा राखी व्याख्या विश्लेषण गरिएको छ ।

## व्याख्या विश्लेषण

बालसाहित्यको सैद्धान्तिक अध्ययनमा आधारित प्रस्तुत अध्ययनमा प्राप्त तथ्यहरूलाई बालसाहित्यको परिचय, बालसाहित्यको परम्परा, बालसाहित्यका प्रवृत्ति र बालसाहित्यका तत्व गरी विभिन्न उपशीर्षकमा वर्गीकृत गरी चर्चा गरिएको छ :

## बालसाहित्यको परिचय

बालसाहित्य बालबालिकासँग सम्बन्धित साहित्य हो । घिमिरे (२०७४) का अनुसार मानवीय जीवनको प्रारम्भिक अवस्था अर्थ बुझाउने 'बाल' तथा भाषाको कलात्मक प्रस्तुति अर्थ बताउने 'साहित्य' शब्दको योगबाट बालसाहित्य शब्दको निर्माण भएको हो । बालसाहित्यलाई बालबालिकाले लेखेको साहित्य र बालबालिकाका लागि लेखिएको साहित्यको रूपमा व्याख्या गर्न सकिन्छ । पराजुली (२०६८) का अनुसार बालसाहित्य भनेको बालबालिकाले सिर्जना गरेको साहित्य अनि वयस्कले उनीहरूका लागि लेखेको साहित्य भन्ने बुΣनुपर्छ । यी दुई व्याख्यामध्ये बालबालिकाले लेखेको साहित्य उनीहरूको उमेरका आधारमा निर्दिष्ट हुन्छ भने बालबालिकाका लागि लेखिएको साहित्य बालकेन्द्रित प्रयोजन वा बालबालिकाले उपयोग गर्ने सन्दर्भसँग सम्बन्धित हुन्छ । यस सम्बन्धमा पाण्डे (२०७६) को दृष्टिकोण अलि बेग्लै रहेको छ । उनका अनुसार बालकद्वारा लेखिएकै आधारमा त्यसलाई बालसाहित्य भन्न मिल्दैन । त्यसैले बालसाहित्य सिर्जना गर्ने मानिस कुन उमेरको हो भन्ने भन्दा पनि उसको सिर्जना कसका लागि हो भन्ने कुराले सिर्जना बालसाहित्यको हो कि होइन भन्ने कुराको टुङ्गो लगाइदिन्छ ।

बालसाहित्य बालबालिकाका लागि लेखिने साहित्यिक रचना हो । प्रधान (२०६९) का अनुसार बालसाहित्य भन्नाले बालबालिकाको स्तर अनुरूपको, भाव र विचारहरू प्रतिविम्बित भएको कथा, कविता, निबन्ध, नाटक, उपन्यासलाई लिएर विचार गर्नु यथेष्ट हुने लागेको छ । यसको अर्थ बालसाहित्य बालबालिकाकेन्द्रित हुनुपर्ने देखिन्छ ।

यथार्थतः बालबालिकाको आफ्नै संसार हुन्छ, आफ्नै परिवेश हुन्छ । उनीहरूको आफ्नै भाषा हुन्छ । त्यसैले बालसाहित्यमा यी र यस्तै पक्षलाई ध्यान दिइएको हुन्छ । बालबालिकालाई मनोरञ्जनका साथै ज्ञान, बोध, प्रयोग, सिर्जना, रचना जस्ता क्षमताहरूको विकास गरी समाजमा प्रभावकारी ढङ्गले समायोजन गर्न मद्दत गर्नु बालसाहित्यको विशिष्टता मानिन्छ । एक अर्को शब्दमा बालसाहित्य बाल मस्तिस्कहरूलाई मनोरञ्जन दिने, रचनात्मक क्षमता विकास गराउने, विविध क्षेत्र तथा परिवेशबारे बोध गराउने, नयाँ विषय तथा क्षेत्रप्रति उत्सुकता जगाइदिने, कलात्मक तथा प्रेरणादायी, अनुभूति जगाइदिने गरी सरल, रोचक एवम् आकर्षक भाषाशैलीमा लेखिएको साहित्य हो । बालसाहित्यमा जीवनजगत्का भोगाइ, अनुभव र अनुभूतिजन्य भावनात्मक विचारहरू समेटिन्छन् ।

बालबालिकामा कुनै विषयवस्तुलाई बुΣने क्षमताको दायरा फराकिलो भइसकेको हुँदैन । उनीहरू प्रौढहरूले जस्तो जटिल विषयलाई बोध गर्न सक्दैनन् । उनीहरूमा शारीरिक तथा मानसिक परिपक्वता आइसकेको हुँदैन । यस्तो अवस्थामा बालसाहित्यकारले बालबालिकाको पढ्ने, बुΣने, मनन गर्ने, प्रस्तुत गर्ने दायरालाई सर्वदा ख्याल गर्नुपर्दछ । यसका लागि सामान्य विषयवस्तु, भाषिक सरलता, सङ्क्षिप्त आयात, प्रस्तुतिमा रोचकता हुनु उपयुक्त हुन्छ । बालबालिकालाई केवल पुस्तकको ज्ञानमा मात्र सीमित नगरी उनीहरूको सिर्जनात्मकतालाई जागृत गराउने खालका विषय क्षेत्र चयनप्रति विशेष ध्यान दिनुपर्दछ । प्रधान (२०६९) का दृष्टिमा बालसाहित्यको सिर्जना बालकको उमेरको हद, ग्रहणशीलता, परखक्षमता, मनोवैज्ञानिक विकास आदिलाई दृष्टि दिएर गरिएको हुनुपर्दछ । त्यस्तो साहित्यिक रचनालाई बालसाहित्य भनिन्छ ।

बालसाहित्यका सन्दर्भमा बालबालिकाको उमेरगत प्रसङ्ग आउन सक्छ । यद्यपि कति उमेरदेखि कति उमेर समूहकालाई बालबालिका भनिन्छ भन्नेबारे विभिन्न धारणा रहेको पाउन सकिन्छ । पराजुली (२०६८) का अनुसार पूर्वशिशुअवस्था (तीन वर्ष) पार गरिसकेपछि पन्ध्र वर्षसम्मका केटाकेटीलाई बालबालिका भनिन्छ । पाण्डे (२०७६) का अनुसार उमेरसमूहका दृष्टिले ३ वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई पूर्वपाठक समूह, ५ वर्षदेखि ८ वर्षसम्मका बालबालिकालाई प्रारम्भिक पाठक समूह, ९ वर्षदेखि १२ वर्षसम्मका बालबालिकालाई मध्यतह पाठक समूह र १३ वर्षदेखि १८ वर्षसम्मका बालबालिकालाई परिपक्व बालपाठक समूह गरी चार तहमा विभाजन गर्न सकिन्छ ।

घिमिरे (पूर्ववत्) का अनुसार बाह्र-तेह्र वर्षको उमेरसम्मका नानीबाबुहरूलाई बालबालिका भन्न सकिन्छ । उनका अनुसार बालसाहित्यिक दृष्टिले बाल उमेरलाई पाँच चरणमा वर्गीकरण गर्न सकिन्छ । उनका अनुसार जन्मदेखि दुई वर्षसम्मको उमेरलाई पहिलो चरण, दुईदेखि चार वर्षसम्मको उमेरलाई दोस्रो चरण, चारदेखि सात वर्षसम्मको उमेरलाई तेस्रो चरण, सात वर्षदेखि नौ वर्षसम्मको उमेरलाई चौथो चरण र नौ वर्षदेखि बाह्र वर्षसम्मको उमेरलाई पाँचौ चरणका रूपमा वर्गीकृत गर्न सकिन्छ । यी विभिन्न चरणको उमेर समूहका बालबालिकाका लागि लेखिएका रचना बालसाहित्यिक रचनाका रूपमा रहन्छन् । उनका अनुसार १२ वर्षको उमेर बाल्यावस्थाको अन्तिम चरण हो । यसपछिका वर्षहरूमा बालबालिकामा देखिने शारीरिक, मानसिक तथा बौद्धिक परिर्वनका कारण किशोरावास्थाको थालनी हुन्छ । यस अवस्थादेखि किशोर साहित्यको प्रारम्भ हुने मानिन्छ ।

बालबालिकाहरू जन्मजात रूपमा विशिष्ट प्रतिभा लिएर आएका हुन्छन् । उनीहरूमा जिज्ञासु स्वभाव रहन्छ । वातावरणीय विषयबारे उनीहरू निरन्तर प्रश्न गरिरहन्छन् । यस्तो अवस्थामा उनीहरूका विपुल जिज्ञासाहरूलाई पाठ्यपुस्तक तथा घरपरिवारको संसर्गले मात्रै समन गर्न सक्दैन । फलस्वरूप सिर्जनाशीलता क्षीण हुन जान्छ । ज्ञानको दायरा सीमित हुन थाल्छ तथा उनीहरू एकाङ्गी बन्न थाल्छन् । यस्तो क्षयबाट बच्न लेखिएका साहित्यले ज्ञानको दायरा तथा सिर्जनशीलता वृद्धि गर्दछ तथा असीमित जिज्ञासालाई शमन गर्न सहयोग पुग्दछ । यसका लागि थप सामग्री तथा बालसामग्रीको आवश्यकता पर्दछ । जसको परिपूर्ति बालसाहित्यले गर्दछ ।

## बालसाहित्यको परम्परा

ऐतिहासिक दृष्टिमा पर्यावलोकन गर्दा बालसाहित्यको प्रारम्भ प्राचीन समयदेखि नै भएको देखिन्छ । पौड्याल (२०७०) का अनुसार जबदेखि बालबालिका यस संसारमा छन् त्यसैबेलादेखि बालासाहित्य छ । यस अर्थमा बालसाहित्यको इतिहास मानव इतिहासजत्तिकै पुरानो छ । पराजुली (२०६८) का अनुसार अनौपचारिक रूपमा बालसाहित्यको सुरुवात मानव सृष्टिसँग नै भइसकेको हो । उनका अनुसार आमाको काखमा लल्लोरी सुन्दै त्यसको मिठासमा मुग्ध भएर बच्चा निदाउने प्रचलन आदिकालमा नै थियो । यस अर्थमा बालबालिकाहरूलाई कथा, कविता र गीत सुनाउने कार्यसँगै बालसाहित्यको सुरुवात भएको मानिन्छ । बालबालिकाहरूलाई शिक्षा र मनोरन्जन दिनका लागि गरिएका यस्ता कार्यबाट यसको आरम्भ भएको विश्वास गरिन्छ । बालसाहित्यका प्राचीन सामग्रीहरू धर्म, उपदेश, नैतिकता र आचरणसम्बद्ध रहेको देखिन्छ ।

बालसाहित्यको पूर्वीय र पाश्चात्य इतिहास बेग्लाबेग्लै रहेको पाइन्छ । त्यसो त समयगत दृष्टिमा बालसाहित्य लेखनको कार्य कहिलेबाट भयो भन्नेमा मतान्तर रहेको पाउन सकिन्छ । अर्थात् बालसाहित्यका प्राचीन सामग्रीबारे सबैको एकमत पाउन सकिँदैन । यद्यपि केही अवधारणाहरू प्रकाशमा आएको पाउन सकिन्छ । घिमिरे ( २०७५) का अनुसार बालसाहित्यको माध्यमबाट उनीहरूलाई जीवनोपयोगी उपदेश र आदर्श शिक्षा दिने प्रयास भने धेरै पहिलेदेखि थालिएको देखिन्छ । उनका अनुसार संस्कृत भाषामा लेखिएका पञ्चतन्त्र र हितोपदेश यसका रहरलाग्दा उदाहरण हुन् । यसका अतिरिक्त रामायण, महाभारतजस्ता प्राचीन विशाल महाकाव्यका साथै श्रीमद् भागवत, गणेश पुराणजस्ता पौराणिक ग्रन्थहरूमा पनि रमाइला बाललीलाहरू समेटिएका छन् ।

बालसाहित्यका सन्दर्भमा पाश्चात्य परम्परा पनि निकै प्राचीन रहेको देखिन्छ । पराजुली (२०६८) का अनुसार बालसाहित्यको विकास सबैभन्दा पहिले बेलायतमा भएको हो । बालकहरूको मानसिक विकासको खुराकका रूपमा त्यहाँ बालसाहित्यको विकास भएको पाइन्छ । घिमिरे (पूर्ववत्) का दृष्टिमा पश्चिमेली जगत्को प्रसिद्ध 'ईसपका नीति कथा' पनि त्यत्तिकै पुरानो बालोपयोगी रचना हो । श्रेष्ठ (२०७०) का अनुसार सम्भवतः युनान  (ग्रिक) का इसप नै प्रथम बालसाहित्यकार थिए । इसाको जन्मभन्दा ६ शताब्दीअघि युनानका एक दास इसपले कथावाचकका रूपमा ख्याति कमाएका थिए । एकथरी दृष्टिमा बालसाहित्यको पहिलो सामग्रीका रूपमा डेनिस बालबालिकाहरूका लागि तयार पारिएको चाइल्ड्स मिरर (child's mirror : बाल दर्पण) लाई लिन सकिने कुरा उल्लेख गरिएको पाइन्छ । सन् १५६८ मा निल्स ब्रेदलण्द्वारा तयार पारिएको यस सामग्रीलाई महत्वपूर्ण मानिएको छ । पौड्याल (२०७०) का अनुसार सन् १४०० तिर क्याक्स्टनले छापाको आविष्कार गरेसँगै पाश्चात्य जगत्मा सस्तो मूल्यमा किताबहरू तयार हुन थाले । फलस्वरूप 'रेनार्ड र फोक्स', 'एसापको नीति कथा', 'रोबिनहुड', 'रिजा आर्थरको कथा' जस्ता किताब छापिए । उनका अनुसार  यी किताबहरू बालबालिकाका लागि भनेर नछापिए पनि यिनका अधिकांश पाठक बालबालिका बन्न पुगे । सन् १६४६ मा प्रकाशित 'स्पिरिच्युल मिल्क फर बोस्टोन बेब्स' अमेरिकामा छापिएको पहिलो बालसाहित्यको किताब हो । सन् १७४४ तिरबाट जोन न्यूबेरीलगायतका लेखकले लोकको दर्शनमा आधारित किताबहहरू लेख्ने अभ्यास थालेका हुन् ।


अर्को दृष्टिमा सन् १८६५ मा लेविस क्यारोलद्वारा लिखित एलाइस एडभेन्चर इन अन्डरल्यान्ड (alice's adventures in wonderland) नामक उपन्यासलाई बालसाहित्यको क्षेत्रमा पहिलो जग वा आधार सामग्रीका रूपमा लिने गरिन्छ । सर जोन रनियलका अनुसार यसैबाट बालसाहित्यको सुरुवात भएको मान्नेहरू पनि छन् । यद्यपि आधुनिक बालसाहित्यको विकास भने अठारौं शताब्दीको मध्यपछि भएको देखिन्छ । खासगरी अठारौं शताब्दीमा बालापन, शैशवावस्था वा बाल्यावस्थाको धारणा युरोपमा विकास भएपछि बालसाहित्यको व्यवस्थित सुरूवात भएको मानिन्छ । अठारौं शताब्दीको प्रारम्भमा शैक्षणिक र धार्मिक विषयवस्तुमा आधारित बालपुस्तकहरु प्रकाशित भएको पाइन्छ । पौड्याल (२०७०) का अनुसार पन्ध्रौं शताब्दीमा जोन न्यूबेरीले बालबालिकैका लागि प्रकाशन गृह खोलेपछि पाश्चात्य जगत्मा बालसाहित्यको औपचारिक मुद्रण सुरू भएको मानिन्छ । त्यसो त धेरैजसोले बालसाहित्यका पिताका रुपमा जोन न्युबेरीलाई उल्लेख गरेको पाइन्छ । उनको अ लिटिल प्रिटी पकेट बुक (A little pretty pocket book) लाई यस सन्दर्भमा निकै महत्वपूर्ण मानिएको छ । पाण्डे (२०७६) का अनुसार सन् १७४४ मा पहिलोपटक अत्यन्त सुन्दर स्वरुपमा तयार पारिएको अ लिटिल प्रिटी पकेट बुक अर्थात् एउटा गोजी किताबमा बाल चित्रकथा, बालकविता, बालगीत र बालखेलहरु समावेश गरिएका थिए । बालसाहित्यको विस्तारचाहिँ अठारौं शताब्दीको अन्त्यपछि भएको मानिन्छ ।

बालसाहित्यको उल्लिखित विकासक्रमिक सन्दर्भलाई नियाल्दा बालसाहित्यको व्यवहार लोकपरम्परादेखि प्रारम्भ भई विभिन्न समयमा विभिन्न किसिमले विकसित एवम् विस्तारित भएको देखिन्छ ।

## बालसाहित्यको वर्गीकरण

बालसाहित्यलाई प्रौढसाहित्यजस्तै विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । घिमिरे (२०७४) का अनुसार बालसाहित्यअन्तर्गत बालचित्रकथा, बालकथा, बाल उपन्यास जस्ता आख्यानात्मक गद्यप्रयुक्ति, बाल चित्रकविता, बाल चित्रकाव्य, बालकविता/काव्य/खण्डकाव्य जस्ता आख्यानयुक्त पद्यात्मक स्वरूपका अतिरिक्त बालनाटक/एकाङ्की जस्ता आख्यानसहितका संवादात्मक स्वरूपहरू पर्दछन् । यसअतिरिक्त बालसाहित्यअन्तर्गत काल्पनिक आख्यानभन्दा भिन्न तथ्यमा आधारित सूचनामूलक बाल तथ्यपुस्तक, बालोपयोगी जीवनी, बालसंस्मरण, बाल आत्मवृतान्त, बालनिबन्ध, बालप्रबन्ध, बालनियात्रा, बालपुस्तक परिचय, बालपुस्तक समीक्षा, बाल समालोचना, बालसाहित्यिक शोधसम्मका वाङ्मयिक स्वरूप पनि समेटिन सक्छन् । पराजुली (२०६८) का अनुसार नेपाली साहित्यलाई विधागत रूपमा वर्गीकरण गरिएजस्तै नेपाली बालसाहित्यलाई पनि विभिन्न विधामा वर्गीकरण गर्न सकिन्छ । उनका अनुसार बालसाहित्यलाई बालकविता, बालकथा, बालउपन्यास, बालनिबन्ध, बालनाटक, बालएकाङ्की, बालजीवनी र बालयात्रासाहित्यमा वर्गीकृत गर्न सकिन्छ । त्यसैगरी घिमिरे (२०७०) का अनुसार नेपाली बालवाङ्मयलाई कथ्य र लेख्य स्वरूपमा वर्गीकृत गर्न सकिन्छ । जसमध्ये कथ्य स्वरूपअन्तर्गत पद्यात्मक स्वरूप र गद्यात्मक स्वरूपमा बालसाहित्यलाई विभाजन गर्न सकिन्छ भने लेख्य स्वरूपअन्तर्गत बालपद्य, आख्यानात्मक स्वरूप (बालकथा, बालचित्रकथा, बालउपन्यास), इतरआख्यानात्मक बालकृति (बालनिबन्ध, बालयात्रा, बालजीवनी, बालआत्मवृतान्त, बालचुट्किला, तथ्य पुस्तक), दृश्य स्वरूप, साञ्चारिक स्वरूप, शैक्षणिक स्वरूप, अनुवाद एवं पुनर्लिखित स्वरूपमा बालसाहित्यलाई विभाजन गर्न सकिन्छ ।

प्रधान (२०६९) का अनुसार नेपाली बालसाहित्यलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :




बालसाहित्यको उल्लिखित वर्गीकरणलाई समग्रतः निम्नानुसार व्याख्या गर्न सकिन्छ :

- **बाल गीत/कविता**

बालबालिकालाई केन्द्रित गरी लेखिएका गीति स्वरूपका साहित्यलाई बाल गीत भनिन्छ। बाल गीतलाई लल्लोरी, निदरी गीत, लोरी गीत, झोलुङ्गे गीत पनि भनिएको पाइन्छ। बालबालिकालाई खेलाउँदा सुनाइने गीति साहित्यलाई खेल गीत भनिन्छ। खेल गीतहरू बालबालिका स्वयम्ले खेल्ने क्रममा गाउन पनि सक्छन्। कुनै विषयलाई गीतका रूपमा प्रस्तुत गरिने गीतलाई विषयगत गीत भनिन्छ। विषयगत गीतहरू बालबालिकाहरूमा रुचि सम्बर्धन, भाषा विकास, शब्दभण्डार विकास शैक्षिक जागरण एवम् सिर्जनशीलताको विकासका निम्ति गाइन्छन्।

- **बाल कथा**

बालबालिकाहरूका लागि लेखिएका कथाहरूलाई बालकथा भनिन्छ। बालकथामा बालसुलभ विषयवस्तु, पात्र, परिवेश, भाषाशैली आदिको प्रयोग गरिएको हुन्छ बाल कथालाई बाल लोककथा, गाउँखाने कथा तथा बाल कथा गरी वर्गीकरण गर्न सकिन्छ । यीमध्ये बाललोककथालाई बालबालिकालाई सुनाइने लोक प्रचलनमा रहेका तथा श्रुति परम्परामा आधारित कथाका रूपमा, गाउँ खाने कथालाई समस्याका रूपमा एउटा प्रश्न दिई त्यसको गहिरो अर्थ खोज्न लगाउने गरी एकअर्कामा सुनाइने प्रकृतिका कथनयुक्त कथाका रूपमा र बाल कथालाई बालबालिकाको उमेर, रुचि, एवम् बौद्धिकतालाई मध्यनजर गरी सरल भाषामा आकर्षक शैलीद्वारा लेखिएका कथात्मक रचनाका रूपमा व्याख्या गरिन्छ।

- **बाल उपन्यास**

बालबालिकालाई, इतिहास, भूगोल, विज्ञान, प्रविधि, कला, साहित्य आदि विषयको जानकारी दिने हेतुले लेखिएका औपन्यासिक आख्यानलाई बाल उपन्यास भनिन्छ। यस्ता उपन्यासमा सङ्क्षिप्तता, सरलता तथा रोचकता जस्ता गुणहरू हुन्छन्। बाल उपन्यासकारले बाल उपन्यासमा थोरै पात्रहरू प्रयोग गरी प्रभावकारी भाषिक प्रस्तुतिका माध्यमबाट बालबालिकालाई कौतुहल सिर्जना गर्ने गरी यस्ता उपन्यासको रचना गरेका हुन्छन्। यस्ता उपन्यासमा सामाजिक, ऐतिहासिक, भौगोलिक वैज्ञानिक, साहसिक तथा रहस्यमूलक घटनाहरूलाई विषयवस्तुको रूपमा प्रयोग गरिएको हुन्छ। बाल उपन्यासमा प्रेम, राजनीति तथा दर्शनका विषयवस्तु भने प्रयोग गरिनु उपयुक्त मानिँदैन।

- **बाल नाटक तथा एकाङ्की**

बालोपयोगी विषयवस्तुको चयन गरी पात्रहरूका माध्यमबाट संवादात्मक प्रस्तुति दिइएको लेखनलाई बाल नाटक तथा बाल एकाङ्की भनिन्छ । यस्तो साहित्यमा चरित्रहरूको भूमिकालाई अभिनेयात्मक बनाई जीवन्त तुल्याइएको हुन्छ । यस्ता नाटक तथा एकाङ्कीमा मञ्चीयताको गुण हुनुपर्दछ । साथै सरल विषयवस्तु बाल सुलभ भाषाशैली तथा संवाद, बोलचालको भाषा, सीमित पात्र, रोचक एवम् कौतुहलपूर्ण प्रस्तुति गरिएको हुनुपर्दछ ।

- **बालोपयोगी जीवनी**

कुनै विशिष्ट व्यक्तिको सम्पूर्ण जीवनका वा आंशिक जीवनका प्रेरणादायी घटनाहरूलाई केन्द्रबिन्दु बनाई लेखिएका जीवनी नै बालोपयोगी जीवनी हुन् । यस्ता जीवनीहरू बालकका भावनात्मक एवम् मनोक्रियात्मक क्षमताका साथै ज्ञान, बोध एवम् प्रयोग क्षमता विकासका लागि उपयोगी हुने भएकाले बालोपयोगी जीवनी भनिएको हो । यस्ता जीवनीमा घटनाहरूलाई क्रमबद्ध ढङ्गले सरल भाषामा सचित्र वर्णन गरिएको हुन्छ । यस्ता जीवनीहरू कथात्मक ढङ्गले पनि प्रस्तुत गर्न सकिन्छ तथा वर्णनात्मक ढङ्गले पनि प्रस्तुत गर्न सकिन्छ ।

- **बाल चित्रकथा**

कथाको विषयवस्तुलाई चित्रका माध्यमबाट प्रस्तुत गरिएका रचनाहरूलाई बाल चित्रकथा भनिन्छ । यसमा कथालाई भाषाका माध्यमबाट प्रस्तुत गर्ने ध्येय राखिँदैन । बरु आकर्षक चित्रहरूलाई शृङ्खलात्मक रूपमा प्रस्तुत गरिन्छ । पूर्वबाल्यावस्थाका बालबालिका तथा लेख्य भाषा सिकिनसकेका बालबालिकाका लागि यस्ता रचनाहरू उपयोगी मानिन्छन् ।

- **अनूदित बालसाहित्य**

कुनै एउटा भाषामा लेखिएका बालसाहित्यहरूलाई अर्को भाषामा अनुवाद गरी प्रस्तुत गरिएका रचनाहरूलाई अनूदित बालसाहित्य भनिन्छ । अनूदित बालसाहित्यमा रचनाको अनुवाद गर्दा मूल रचनाको भाषिक रूपान्तरण तथा मूल कृतिको मौलिक रूपान्तरण गरी विषयवस्तु प्रस्तुत गरिएको हुन्छ ।

**बालसाहित्यका तत्वहरू**

बालसाहित्यलाई पूर्ण बनाउनका लागि आवश्यक अवयवहरूलाई बालसाहित्यका तत्व भनिन्छ । बालसाहित्यिक रचनाहरू मूलतः आख्यानात्मक र आख्यानेतर प्रकृतिका हुने भएकाले बालसाहित्यिक तत्वहरू पनि सोहीमुताबिक हुनु स्वाभाविक छ । घिमिरे (२०७४) का अनुसार आख्यानात्मक बालसाहित्यअन्तर्गत कथावस्तु, चरित्र/पात्र, देश, काल र वातावरण, भाषाशैली र उद्देश्य प्रमुख तत्वका रूपमा रहेका हुन्छन् । त्यसो त बालकविता वा बालगीतमा यसभन्दा भिन्न तत्वका रूपमा छन्द, रस, र लयसमेत रहेका हुन्छन् । समग्रतः बालसाहित्यअन्तर्गत विषयवस्तु, परिवेश, उद्देश्य, भाषाशैलीलगायतका तत्वहरू साझा तत्वका रूपमा रहेका हुन्छन् । जसको चर्चा निम्नानुसार गरिएको छ :

**(क) विषयवस्तु**

आख्यानात्मक वा आख्यानेतर बालसाहित्यिक रचनामा विषयवस्तु महत्वपूर्ण तत्वका रूपमा रहेको हुन्छ । बालसाहित्यिक रचनाको विषयवस्तु सामाजिक, ऐतिहासिक, वैज्ञानिक, पौराणिक, लोकविश्वासपरक, स्वैरकाल्पनिक आदि हुन सक्छ । बालसाहित्यिक रचनाको विषयवस्तु रचना प्रकृतिबमोजिम भिन्न भिन्न किसिमले प्रस्तुत हुन सक्छ । यद्यपि बालसाहित्यको विषयवस्तु रेखीय स्वरूपमा प्रस्तुत हुनु राम्रो मानिन्छ । बालसाहित्यमा विषयवस्तुको प्रस्तुति कालक्रमिकका अलावा परावर्तित पनि हुन सक्छ । बालबालिकाहरूलाई विषयवस्तु वा घटनाको पूर्वापर सम्बन्ध पहिचान गर्न कठिन हुने भएकाले परावर्तित प्रस्तुति उपयुक्त मानिदैन । बालासाहित्यिक रचनामा कालक्रमिक कार्यकारणात्मक श्रृङ्खलायुक्त, उत्सुकताजन्य, मनोरञ्जनात्मक, बालग्राह्य विषयवस्तु प्रस्तुत गरिनु उपयुक्त हुन्छ ।

**(ख) परिवेश**

बालसाहित्यिक रचनामा विषयवस्तु, घटना वा अवस्था वर्णनका क्रममा प्रस्तुत भएको ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । परिवेशलाई देश, काल, वातावरण पनि भनिएको पाइन्छ । परिवेशलाई साहित्यिक रचनाको कार्यपीठिका पनि भन्ने गरिन्छ । बालसाहित्यिक रचनाको परिवेश दृश्य, अदृश्य, मूर्त, अमूर्त वा सांसारिक, काल्पनिक हुन सक्छ । बालसाहित्यिक रचनाको परिवेशलाई ग्रामीण, सहरी, उच्च, मध्यम, निम्नवर्गीय, प्राकृतिक, धार्मिक आदि विभिन्न रूपमा प्रस्तुत गर्न सकिन्छ । यद्यपि यसको व्यवहार बालबालिकाको उमेरअनुसार हुनु उपयुक्त हुन्छ ।

**(ग) भाषाशैली**

भाव वा विचार व्यक्त गर्ने माध्यम, तरिका वा विधिलाई भाषाशैली भनिन्छ । यसलाई बालसाहित्यका शब्दविहीन चित्रकथाबाहेकका सबै विधाहरूमा भाषाशैलीको आवश्यकता पर्छ । पराजुली (२०६८) का अनुसार बालसाहित्य बालकहरूका लागि लेखिने हुनाले यसको भाषा उनीहरूको उमेर सुहाउँदो हुनुपर्छ । उनका अनुसार ९-१२ र १२-१५ उमेरसम्मका बालबालिकाहरूका लागि सरल प्रौढ भाषाको प्रयोग उचित देखिन्छ । यस अर्थमा बालसाहित्यको भाषा सरल, सुललित, आकर्षक तथा सुबोध्य हुनुपर्ने हुन्छ । घुमाउरो, लक्षणा र व्यञ्जनायुक्त भाषा र अलङ्कार उनीहरूका लागि ग्राऱ्य हुँदैन । बालसाहित्यिक रचनामा सरल, सहज शब्दहरू र छोटाछोटा वाक्यको अधिक प्रयोग उपयुक्त मानिन्छ । त्यसो त यसको प्रयोग व्यवहार रचनाकारको शैलीशिल्पमा पनि निर्भर हुने हुन्छ । बालसाहित्यको भाषाशैली प्रथम र तृतीय पुरुषात्मक हुन्छ । पूर्ववर्ती उमेर समूहका बालबालिकाका लागि तृतीय पुरुषात्मक भाषाशैली उपयुक्त हुन्छ भने उत्तरवर्ती बालबालिकाका लागि प्रथम र तृतीय दुबै पुरुषात्मक भाषाशैली उपयुक्त हुन सक्छ ।

**(ङ) उद्देश्य**

साहित्य रचनाको निश्चित उद्देश्य रहेको हुन्छ । प्रधान (२०७७) का अनुसार मनोरञ्जन, जिज्ञासाहरूको समाधान, ज्ञानको प्रवर्द्धन, चेतना र सोचको विकास एवम् परिष्कार, सिर्जनशीलताको विकास, भाषिक क्षमताको विकास, चारित्रिक सुधार र लोकसंस्कृतिको हस्तान्तरणलाई बालसाहित्यको प्रयोजन मानिन्छ । पराजुली (२०६८) का अनुसार बालसाहित्यको प्रयोजन बालबालिकालाई शिक्षा तथा मनोरञ्जन प्रदान गर्नु हो । बालसाहित्यले बालकको मनोविज्ञानअनुरूप उनीहरूका रुचिअनुसार नैतिक, आध्यात्मिक, सामाजिक, सांस्कृतिक र वैज्ञानिक चेतना दिन्छ । न्यौपाने (२०७०) का अनुसार बालसाहित्यले बालबालिकाको चौतर्फी विकास गर्ने, देशप्रेमी भावना जागृत गर्ने, बालमस्तिष्कलाई समाजप्रति उत्तरदायी बनाउने, समयको सदुपयोग गरी संस्कृतिको विकास गर्नेलगायतमा महत्तम भूमिका निर्वाह गर्दछ । पराजुली (२०६८) का अनुसार बालसाहित्य सिर्जना गर्दा उमेर समूहअनुसारका बालबालिकाको बौद्धिक स्तरमा ध्यान दिई सिर्जना गर्नुपर्छ, बालरुचिअनुसारको पात्र प्रयोगमा ध्यान दिई बालसाहित्य सिर्जना गर्नुपर्छ । पल हजार्डलाई उद्घृत गर्दै पौड्याल (२०७०) ले उल्लेख गरेअनुसार कुनै पनि राष्ट्रको सांस्कृतिक र राष्ट्रिय चरित्रको

निर्माण बालसाहित्यले गर्दछ । उनका अनुसार बालसाहित्य नै राष्ट्रको प्राणको निर्माता हो । दुरुह बालसाहित्य भएका देशहरूको सांस्कृतिक धरोहर कमजोर हुन्छ । यी व्याख्याका आधारमा अवेक्षण गर्दा बालसाहित्य कुनै न कुनै प्रयोजनमा आधारित हुने कुरा स्पष्ट हुन्छ ।

## निष्कर्ष

उल्लिखित विभिन्न तथ्यको अवेक्षण गर्दा के गतार्थ हुन्छ भने बालसाहित्य बालबालिकाका लागि लक्षित गरी लेखिएको साहित्य हो । यसको परम्परा पूर्वीय र पाश्चात्य रूपमा भिन्न भिन्न रहेको भए पनि सुदीर्घ रहेको छ । यसअन्तर्गत बालकथा, बालगीत, बालकविता, बालोपयोगी जीवनी, बालोपन्यास, अनूदित बालसाहित्य आदि रचना समेटिन्छन् । यसअन्तर्गत विषयवस्तु, परिवेश, भाषाशैली, उद्देश्यलगायतका तत्वहरू समाविष्ट हुन्छन् । यसका माध्यमबाट साहित्यकार वा रचनाकारले बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गर्ने, कौतुहलताको विकास गर्ने, नैतिक मूल्य मान्यताको विकास गराउने, सच्चरित्रको विकास गराउने, शब्दभण्डार वृद्धि गर्ने, पठनकौशल वृद्धि गर्ने, ज्ञान एवम् सूचना प्रदान गर्ने, कल्पनात्मक क्षमताको विकास गर्ने, ज्ञानको दायरा फराकिलो बनाउने, सामाजिक-सांस्कृतिक परम्पराबारे जानकारी प्रदान गर्ने, मानवप्रेम, प्रकृतिप्रेम, संस्कृतिप्रेमको विकास गर्ने, साहित्यप्रति रुचि जागृत गराउने, सिर्जनशीलताको विकास गर्नेलगायतका अभीष्ट राखेको पाइन्छ ।

## सन्दर्भ सूची

अधिकारी हेमाङ्गराज र भट्टराई बद्रिविशाल (२०६३), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, अच्युतशरण (२०४५), *नेपाली बालसाहित्यको रूपरेखा,* स्याङ्जाः डिल्लीप्रसाद अर्याल ।

घिमिरे, ध्रुवकुमार (२०७०), बालवाङ्मयका विधागत सर्वेक्षणको आलोकमा नेपाली बालसाहित्य लेखन र स्थानीय सन्दर्भ *नवप्रज्ञापन,* काठमाडौं : नवराज रिजाल ।

घिमिरे, ध्रुवकुमार (२०७४), *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान

न्यौपाने, छायादत्त (२०७०) बालसाहित्यको परिचय र नेपाली परम्परा, *नवप्रज्ञापन,* नवराज रिजाल ।

न्यौपाने, छायादत्त (२०७४), बाल साहित्य : नेपाली परम्परा र वर्तमान अवस्था, *प्रज्ञा बालसाहित्य विवेचना,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान

पाण्डे, रामदेव (२०७६), *प्रज्ञा नेपाली बालकथा,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, महेश (२०७०), बालसाहित्यको विकासक्रम : केही पश्चिमेली सन्दर्भहरू, *नवप्रज्ञापन,* काठमाडौं : नवराज रिजाल ।

प्रधान, प्रमोद (२०६९), *नेपाली बालसाहित्यको इतिहास* (ते.सं.), काठमाडौंः विवेक सिर्जनशील प्रकाशन ।

प्रधान, प्रमोद (२०७७), *नेपाली बालसाहित्यको इतिहास,* काठमाडौं : शिखा बुक्स, काठमाडौं ।

श्रेष्ठ, तेजप्रकाश (२०७०), नेपाली बालकथाको विकासक्रम, *नवप्रज्ञापन,* काठमाडौं : नवराज रिजाल ।